अध्याय २

# जलिरहेको झाङ्ग



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:**
*प्रस्थान १८:३, ४; प्रस्थान ३:१-२२; उत्पत्ति २२:११, १५-१८; प्रस्थान ६:३; योएल २:३२; प्रस्थान ४:१-३१; उत्पत्ति १७:१०, ११।*

**याद गर्नुपर्ने पद: "तब परमप्रभुले भन्नुभयो, 'मिश्रमा भएका मेरा प्रजाको दुःख मैले देखेको छु, र कामदारहरूको अत्याचारमा तिनीहरूले पुकारा गरेका मैले सुनेको छु। तिनीहरूको दुःख मलाई थाहा छ। यसैले तिनीहरूलाई मिश्रीहरूका हातबाट छुटकारा दिएर त्यस देशबाट एक असल र ठूलो देश, अर्थात् दूध र मह बग्ने देश–कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसीहरूका देशमा ल्याउनलाई म ओर्लिएको छु। अब हेर्, इस्राएलीहरूको पुकार मकहाँ आइपुगेको छ। मिश्रीहरूले तिनीहरूमाथि गरेको अत्याचार मैले देखेको छु'"** *(प्रस्थान ३:७-९)*।

**हामी** कुन जीवन बिताइरहेका छौं, त्यसलाई प्रायः जसो परिवर्तन गर्न परमेश्वरले हामीलाई बोलाउनुहुन्छ। तर उहाँको आह्वानलाई हामीले सुन्नुपर्छ र त्यसको पछि लाग्नुपर्छ। उहाँले डोऱ्याउनुहुने बाटो जहिले पनि हाम्रो निम्ति उत्तम छ

भनेर हामी पत्ता लगाउनेछौं। तर कहिलेकाहीँ परमेश्वरको बोलाहटलाई स्वीकार्न सुरुमा त्यति सजिलो हुन्छ भन्ने नै छैन।

यही मामिला मोशाको थियो, जब परमेश्वरले उनलाई बोलाउनुभयो। जब उनले जलिरहेको झाङ्गमा प्रभुसँग आमनेसामने भेट गरे र उहाँले उनलाई के गर्ने भनेर आदेश दिनुभयो, तब त्यसलाई स्वीकार्न उनलाई सहज भएको थिएन। आगो सम्बन्धि वैज्ञानिक नियमहरू मोशालाई थाहा नभएको होला, तर जब उनले झाङ्ग जलिरहेको तर भस्म नभएको देखे, तब उनले आश्चर्य काम हेरिरहेका थिए भनेर निश्चित भए र चकित भएका थिए। विशेष कामको निम्ति प्रभुले उनलाई खटाइरहनुभएको थियो। प्रश्न त यो छ: के उनले उहाँका आदेशलाई पालन गर्नेछन् कि छैनन्? उनलाई थाहा थियो कि त त्यो आदेश पालन गर्दा उनको दृष्टिकोणमा भारी परिवर्तन हुनेछ र जीवन नै परिवर्तन हुनेछ। सुरुमा उनले हिचकिचाए।

तपाईं विशेष लक्ष्य लिएर चलिरहनुभएको थियो होला, तर परमेश्वरले बोलाउनुभएकोले त्यो लक्ष्य परिवर्तन भएको तपाईंले याद गर्नुभएको होला। हामी जुनसुकै बाटोमा हिँडे तापनि परमेश्वरले हामीलाई प्रयोग गर्नुहुन्छ भन्ने कुरामा कुनै शङ्का त छैन। तर परमेश्वरले नै हामीलाई व्यक्तिगत रूपमा बोलाउनुहुँदा त्यसलाई स्वीकार गर्न पुग्दा र उहाँले हाम्रो जीवनमा के गरिरहनुभएको छ सो महसुस गर्दा हाम्रो जीवन सन्तुष्ट, लक्ष्यप्रेरित र अर्थमूलक भएको हुन्छ। यस संसारमा हामी जन्मिनु वा हाम्रो अस्तित्व हुनुको कारण छ भनेर हामी अति सन्तुष्ट हुनेछौं। उहाँको आदेशअनुसार चल्दा सबै कुरा ठिक हुन्छ र सजिलो हुन्छ भन्ने छैन। मोशाको निम्ति सहज थिएन। तर परमेश्वरले एकातिर डोऱ्याउन चाहनुहुँदा र हामी अर्कैतिर जाँदा हाम्रो निम्ति त्यो कस्तो मूर्ख चाल होला? होइन त?

# जलिरहेको झाङ्ग

मिद्यानमा भाग्दा मोशाको जीवन केही हदमा सजिलो र सुविधामूलक नै थियो। उनले विवाह गरे र गेर्शोम र एलीएजर नाउँ गरेका दुई छोराहरू जन्माए *(प्रस्थान १८:३, ४)*। उनी यित्रोको ठूलो परिवारका सदस्य हुन पुगेको थिए। उनका ससुरा यित्रो मिद्यानको मन्दिरका पूजारी थिए। मोशा दाऊद जस्तै *(२ शमूएल ७:८)* गोठालो भएर आरामै जीवन बिताइरहेका थिए। प्राकृतिक वातावरणमा प्रकट गरिएको परमेश्वरको उपस्थितिमा उनी ४० वर्षसम्म रमाइलो नै मानिरहेका थिए।

तर यो समय मोशाले केवल मरुभूमिका फूलहरूका वास्ना लिएर जिन्दगी बिताउनुपर्नेथिएन। ती वर्षहरूमा जब उनी प्रभुसँग हिँड्दैथिए, ती वर्षहरूले उनलाई नेतृत्व गर्ने कला सिकाउँदैथिए। यही समयमा परमेश्वरले उनलाई बाइबलका दुई प्रमुख पुस्तकहरू लेख्न प्रेरणा दिनुभएको थियो। ती थिए अय्यूब र उत्पत्ति (एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २५१; फ्रान्सिस डी. निकोल र अरूहरूद्वारा सम्पादित, द *एस.डि.ए. कमेन्टरी*, ठेली ३, पृ. ११४०)। ग्रेट कन्त्रोभर्सी वा परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवाद, सृष्टि, मानव पतन, जलप्रलय, परमेश्वरलाई विश्वास गर्ने अग्रजहरू र अझ महत्त्वपूर्ण विषय  अर्थात् मुक्तिको योजनाको बारेमा परमेश्वरबाट निर्णायक शिक्षा उनले पाएका थिए। यसरी मोशाचाहिँ सारा मानव प्राणीलाई जीवित परमेश्वरको बारेमा सत्य ज्ञान प्रसारण गर्ने माध्यम हुन पुगेका थिए। यस विग्रह पृथ्वी ग्रहमा पापले गर्दा क्षत विक्षत भइरहेको परिस्थितिमा सृष्टिकर्ता र सम्भारकर्ता परमेश्वरले के गरिरहुनभएको छ भन्ने सन्देश दिन मोशाले ठूलो भूमिका खेलेका थिए। प्रेरणा पाएर मोशाले लेखेका विशेष पुस्तक उत्पत्तिविना बाइबलीय शिक्षा र मुक्तिको बारेमा जानकारीको लागि आधार नभएर ती विषयहरू त्यति बुझिँदैनथ्यो।

पढ्नुहोस्: **प्रस्थान ३:१-६ पढ्नुहोस्। परमेश्वरले आफूलाई "अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर" भनेर मोशालाई चिनारी दिनुको अर्थ के हो?**

______________________________________________

______________________________________________

झाङ्ग दन दन बलिरहेको तर जलेर खरानी नभएको मोशाले देखे। आफूले आश्चर्य कुरा हेरिरहेको भनेर मोशालाई थाहा थियो। केही नाटकीय र महत्त्वपूर्ण कुरो उनका आँखाकै सामुने भइरहेको उनले हेरिरहेका थिए। जब उनी नजिक गए तब प्रभुले उनलाई जुत्ता फुकाल भन्नुभयो किनभने परमेश्वरको उपस्थित त्यहाँ भएकोले त्यो ठाउँ पवित्र भएको थियो। यसले उहाँलाई देखाउनुपर्ने गहिरो श्रद्धालाई जनाउँछ।

आफू "अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर" भनेर मोशाको सामु प्रभुले प्रस्तुत गर्नुभएको थियो *(प्रस्थान ३:६)*। ती पुर्खाका सन्तानले प्रतिज्ञा गरिएको कनान देश पाउनेछन् भनेर प्रभुले ती पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको थियो। यसको बारेमा मोशालाई थाहा नै थियो होला। यसरी मोशाले केही भन्नुभन्दा अघि उनको निर्णायक भूमिका कस्तो हुने होला भनेर परमेश्वरले उनलाई आभास दिनुभएको थियो।

**परमेश्वरको काममा खट्न मोशालाई ८० वर्ष लागेको थियो। हामी धैर्य हुनुपर्ने धारणाको विषयमा यसले के सिकाउँछ?**

______________________________________________

# प्रभुका स्वर्गदूत

"त्यहाँ एउटा जलिरहेको पोथ्राको ज्वालामा परमप्रभुका दूत तिनीकहाँ प्रकट भए, र तिनले पोथ्रालाई हेरे। त्यो पोथ्रा जलिरहेको थियो–तापनि भस्म हुँदैनथ्यो" *(प्रस्थान ३:२)*। त्यस झाङ्गबाट प्रभु येशू आफै बोलिरहनुभएको थियो *(प्रस्थान ३:४)*।

"परमप्रभुको दूत" भन्ने वाक्यले येशूको चित्रण गरेकोमा हामी अलमलिनुहुन्न। *स्वर्गदूत* भन्ने शब्दले नै सन्देशवाहक भनेर जनाउँछ (हिब्रूमा *मालाख mal'akh*)। कुन सन्दर्भमा स्वर्गदूत भनेर उल्लेख गरिएको छ, त्यसअनुसार मानव वा प्रभु भन्ने बुझ्नुपर्दछ *(मलाकी ३:१)*। "प्रभुका स्वर्गदूत" भनेर सम्बोधन गर्दा परमेश्वरलाई नै सम्बोधन गरिएका बाइबलमा धेरै ठाउँहरूमा छन् *(उत्पत्ति २२:११, १५-१८; उत्पत्ति ३१:३, ११, १३; न्यायकर्ता २:१, २; न्यायकर्ता ६:११-२२; जकरिया ३:१, २)*। यस प्रभुका स्वर्गदूत प्रभुको निम्ति मात्र बोल्ने होइन, उहाँ प्रभु आफै हुनुहुन्छ। येशू ख्रीष्ट परमेश्वरको सन्देशवाहक हुनुहुन्छ जसले हाम्रो पिताको सन्देश हामीलाई दिनुहुन्छ।

पढ्नुहोस्: **प्रस्थान ३:७-१२ पढ्नुहोस्। मिश्र देशमा दासत्वमा रहेका इस्राएलीहरूको पक्षमा हस्तक्षेप गर्न परमेश्वरको योजना उहाँले मोशालाई कसरी बताउनुभएको थियो?**

____________________________________________

____________________________________________

सुस्केर हालेर भित्री हृदयदेखि नै क्रन्दन गर्दै सहायता मागेको भनेर परमेश्वरका जनहरूको वेदनालाई वर्णन गरिएको छ। परमेश्वरले तिनीहरूका क्रन्दन सुन्नुभयो र त्यसप्रति उहाँले चिन्ता व्यक्त गर्नुभएको थियो *(प्रस्थान २:२३-२५)*। उहाँले "मेरा जनहरू" भनेर सम्बोधन गर्नुभएको छ *(प्रस्थान ३:७)*। त्यसको अर्थ यो हो कि सिनै पहाडमा करार दिनुभन्दा अघि

तिनीहरू उहाँका जनहरू थिए। तिनीहरूका पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको अनुसार तिनीहरू कनान देशमा रहनेछन् र समृद्धि हुनेछन्।

उहाँले मोशालाई फारोकहाँ विशेष कामको निम्ति पठाउनुभएको थियो भनेर परमेश्वरले स्पष्ट रूपमा भन्नुभएको थियो। उहाँले भन्नुभयो, "यसकारण अब जाऊ, मेरा प्रजा, अर्थात् इस्राएलीहरूलाई मिश्रबाट निकालेर ल्याउन म तिमीलाई फारोकहाँ पठाउँदैछु" *(प्रस्थान ३:१०)*।

उहाँका सेवकलाई कस्तो भारी जिम्मेवारी बोकाउनुभएको थियो! त्यो जिम्मेवारी वहन गर्न आफू योग्य नभएको भनेर "म को हुँ र?" भनेर मोशाले सुनाएका थिए। त्यो कामको महत्त्वलाई जानेर त्यो काम फत्ते गर्नु भनेको के हो र आफ्नो भूमिका के हुनेछ भनेर थाहा पाएर आफू जाबो गोठालालाई परमेश्वरले किन चुन्नुभयो भन्ने कुरामा मोशा चकित भएका थिए। यहाँ मोशाको चरित्र र उनको नम्रतालाई चित्रण गर्दछ र उनलाई के कामको निम्ति रोजिएका हो त्यो काममा आफू योग्य नभएको उनले महसुस गरेका थिए।

**नम्रता र आफू अयोग्य भएको महसुस गर्ने गुणहरू परमेश्वरको पछि लाग्न र उहाँको काममा खट्नको लागि किन महत्त्वपूर्ण छ? के हामीमा ती गुणहरू छन् त?**

# प्रभुको नाउँ

पढ्नुहोस्: **प्रस्थान ३:१३-२२ पढ्नुहोस्। मोशाले परमेश्वरको नाउँ किन जान्न चाहेका थिए? उहाँको नाउँको के महत्त्व छ?**

_________________________________________________

_________________________________________________

परमेश्वरले मोशाकहाँ आफूलाई "*'ehejeh 'asher 'ehejeh*" भनेर प्रस्तुत गर्नुहुन्छ, वा त्यसको अक्षरशः अर्थ "म जे हुनेछु त्यही हुँ" वा "म जो छु त्यही हुँ" हो। प्रस्थान ३:१२मा परमेश्वरले त्यही क्रियापद पद १४मा अर्थात् *'ehejeh* प्रयोग गर्नुहुन्छ। त्यसको अर्थ "म [तिमीसँग] रहनेछु" हुन्छ। परमेश्वर सनातन र अनन्तको हुनुहुन्छ भनेर त्यस शब्दले बताउँछ। उहाँ अपार र सबैभन्दा सर्वोच्च हुनुहुन्छ जो ती मानिसहरूका हृदयमा राज गर्नुहुन्छ, उहाँकै शब्दमा "सदासर्वदा जीवित हुनुहुने, उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, 'म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चात्तापी र विनम्र छ'" *(यशैया ५७:१५)*।

परमेश्वरको खास नाउँ यह्वे "Yahweh" हो। अङ्ग्रेजीमा अनुवाद गरी "प्रभु" भनेर परमेश्वरका जनहरूले सुरुदेखि नै सम्बोधन गर्दथे। उहाँको नाउँको गहिरो अर्थ थाहा नपाए तापनि उहाँलाई प्रभु नै भनेर पुकार्थे। यह्वे भनेर मोशालाई पनि थाहा थियो। अरूहरूलाई जस्तो उनलाई त्यसको गहिरो अर्थ थाहा थिएन। "तपाईंको नाउँ के हो" भनेर मोशाले सोधेकाले त्यस नाउँको गहिरो अर्थ उनलाई थाहा थिएन भनेर बुझाउँछ।

उहाँको नाउँको गहिरो अर्थ बारे प्रस्थान ६:३मा केही हदमा आमास दिन्छ। यसरी व्यक्त गरिएको छ, "परमेश्वरले मोशालाई भन्नुभयो, 'म परमप्रभु हुँ। अब्राहाम, इसहाक र याकूबकहाँ म सर्वशक्तिमान् परमेश्वरको

रूपमा देखा परें, तर "परमप्रभु" भन्ने मेरो नाउँले त तिनीहरूकहाँ प्रकट भइनँ" *(प्रस्थान ६:२-३)*। त्यसको अर्थ आदम, नोआ, अब्राहाम र पुर्खाहरूलाई यह्वे नाउँ थाहा थिएन भनेको होइन *(उत्पत्ति २:४, ९; ४:१, २६; ७:५; १५:६-८ आदि हेर्नुहोस्)*। तर त्यसको गहिरो अर्थ थाहा नभएको हुन सक्छ।

उहाँको नाउँ यह्वे भनेर औँल्याउँदा उहाँ आफ्ना जनहरूका निम्ति व्यक्तिगत परमेश्वर र करारको परमेश्वर भनेर औँल्याएको हुन्छ। उहाँ मानव प्राणीसँग घनिष्ठ हुनुहुन्छ र तिनीहरूको मामिलामा उहाँले हस्तक्षेप गर्नुहुन्छ। उहाँ सर्वशक्तिमान् परमेश्वर हुनुहुन्छ *(उत्पत्ति १७:१)* जो उहाँको शक्तिले अचम्मको तरिकाले हस्तक्षेप गर्नुहुन्छ। तर यह्वे त्यो परमेश्वर हुनुहुन्छ जसले प्रेम र स्याहार देखाएर उहाँको नैतिक शक्तिलाई प्रदर्शन गर्नुहुन्छ। उहाँ त्यही एलोहिम परमेश्वर हुनुहुन्छ ("शक्तिशाली, बलियो र अपार परमेश्वर," "सबै जनहरूका परमेश्वर," "सारा जगत् ब्रह्माण्डका अधिपति," "प्रत्येक वस्तु सृष्टि गर्नुहुने सृष्टिकर्ता"), तर मानव प्राणीसँग सम्बन्ध राख्दा उहाँका विभिन्न पक्षहरूलाई प्रकट गर्दा उहाँलाई यह्वे नाउँबाट नै चिनिन्छ।

परमेश्वरको नाउँ थाहा पाउनु वा उहाँलाई उहाँको नाउँले सम्बोधन गर्नु कुनै जादु वा मन्त्र होइन। तर उहाँको नाउँको घोषणा गर्नुको अर्थ त्यस परमेश्वरको सत्यताको बारेमा अरूहरूलाई सिकाउनु र विश्वासमा आउने सबैलाई उहाँले मुक्ति प्रदान गर्नुहुन्छ भनेर सन्देश सुनाउनु हो। योएलले बताउँछन्, "परमप्रभुको नाउँ लिने हरेकले उद्धार पाउनेछ" *(योएल २:३२)*।

**उहाँमा समर्पित जीवन बिताउने सबैसँग यह्वेको घनिष्ठता भएको हुन्छ; तपाईंले त्यस घनिष्ठताको अनुभव कुन किसिमले अनुभव गर्नुभएको छ?**

## चार बहानाहरू

पढ्नुहोस्: **प्रस्थान ४:१-१७ पढ्नुहोस्। आफ्ना दूत हो भनेर प्रमाणित गर्न मोशाले कुन-कुन चार चिन्हहरू गरेर देखाउनुपर्छ भनेर परमेश्वरले भन्नुभएको थियो? ती चिन्हहरूले उनको स्थितीलाई बल पुऱ्याउँथ्यो।**

________________________________________________________

________________________________________________________

परमेश्वरले दिनुभएको कामबाट पन्छिन मोशाले फेरि बहाना बनाउन प्रयास गरेका थिए *(प्रस्थान ३:११)*। मिश्र देशमा गएर फारो राजाको सामु उनी पर्न चाहेका थिएनन्। हिब्रूहरूलाई आफ्नै तरिकाले सहयोग गर्न खोज्दा उनी असफल भएका थिए। फेरि उनका आफ्नै मानिसहरूले उनलाई विश्वास गरेका थिएनन् न त उनलाई अगुवा भनेर स्वीकार्न चाहेका थिए। परमेश्वरको आदेशलाई पालना नगर्न उनले अर्को तेस्रो आपत्ति जनाए, "तिनीहरूले मलाई विश्वास गरेनन् र मलाई सुन्न चाहेनन् भने मैले के गर्ने?" *(प्रस्थान ४:१)*। कुनै नयाँ कुरा सिक्न नचाहेको उनले भन्न खोजेको त होइन तर परमेश्वरले दिनुभएको जिम्मेवारीलाई उनले नाइँ भन्न खोजेका मात्र थिए।

इस्रायलका अगुवाहरूका सामु दुई अचम्मका कामहरू गर्न मोशालाई दिइएको थियो। पछि त्यही चिन्हहरू फारोको सामु गरेका थिए: (१) उनको लट्ठी सर्पमा परिणत हुने र फेरी लट्ठी नै हुने, र (२) उनका हात कुष्ठ रोगी हुने र तुरन्तै निको हुने। दुवै ती अचम्मका चिन्हहरूले तिनीहरूका सामु परमेश्वरले काम गरिरहनुभएको छ भनेर देखाएको प्रमाण थियो। त्यसपछि तेस्रो चिन्ह थपिएको थियो जुन पानीलाई रगतमा परिणत गर्ने थियो *(प्रस्थान ४:८, ९)*।

प्रभावकारी अचम्मका कामहरू गर्ने अधिकार मोशालाई दिइए तापनि उनले अर्को बहाना बनाए: आफू बोल्नमा राम्रो छैन।

**पढ्नुहोस्: प्रस्थान ४:१०-१८ पढ्नुहोस्। प्रभुको जवाफ के थियो र हामी जुनसुकै परिस्थितिमा रहे तापनि त्यसबाट हामीले के पाठ सिक्न सक्छौं?**

________________________________________________

________________________________________________

ती चार बहानाहरू बनाएर परमेश्वरले अह्राउनुभएको काममा लाग्न मोशा हिचकिचाएका थिए। आफ्ना आपत्तिहरू जायजै भएकोले अझ परमेश्वरले अह्राउनुभएको काम गर्न राजी भएनन्। पहिला तिन बहानाहरू प्रश्नको रूपमा प्रस्तुत गरिएका थिए: (१) म को हुँ? (२) तपाईं को हुनुहुन्छ? (३) यदि तिनीहरूले विश्वास गरेन भने के गर्ने? चौथो आपत्तिचाहिँ यसरी व्यक्त गरिएको थियो, (४) "म बोल्नमा चलाख छैन वा मेरो बोली स्पष्ट छैन।" परमेश्वरले ती सबैको प्रतिक्रिया दिनुभएको थियो र उहाँले शक्तिशाली समाधान दिनुभएको थियो। ती सबै बहानाहरूका बीचमा परमेश्वरले हामी सबैलाई उचाल्ने प्रतिज्ञाहरू प्रस्तुत गर्नुभएको थियो।

आखिरमा मोशाले पाँचौ र अन्तिम अनुरोध गर्छन्: "हे मेरा प्रभु, अरू कसैलाई पठाउनुहोस्" *(प्रस्थान ४:१३)*। त्यसको जवाफमा उनलाई सहयोग गर्न उनको दाजु हारूनलाई पठाउँदैछु भनेर उनलाई परमेश्वरले सुनाउनुहुन्छ। अन्तमा आजित भएर परमेश्वरको आदेशलाई मोशाले मान्छन् र मिश्र देशमा जानुभन्दा पहिले आफ्ना ससुरा यित्रोसँग आशिष् माग्छन्।

## खतना

पढ्नुहोस्: **प्रस्थान ४:१८-३१ पढ्नुहोस्। यो अनौठो कथालाई हामीले कसरी बुझ्ने? यसबाट हामीले के पाठ सिक्न सक्छौं?**

______________________________________________

______________________________________________

यो कथा पढ्दा बाइबलका विद्यार्थीहरू स्तम्भित हुन्छन्। प्रभुको आज्ञालाई शिरोपर गरेर मिश्रदेशमा फर्कन सुरु गर्दा उहाँले उनलाई मार्नै लाग्नुभएको थियो रे *(प्रस्थान ४:२४)*! त्यस कथाको परिवेशलाई हामी हेर्‍यौं भने खतनाको विषयवस्तु नै मुख्य भएको पाइन्छ। अब्राहामसँग गरिएको करारको मागअनुसार उनको कान्छो छोरोलाई खतना गरिएको थिएन *(उत्पत्ति १७:१०, ११)*।

परमेश्वरका जनहरूका अगुवा मोशाले आफू उहाँप्रति पूरा आज्ञाकारी भएको र उहाँमा समर्पित भएको देखाउनुपरेको थियो। उनकै उदाहरण वा मोडेलबाट अरूहरू पनि आज्ञाकारी हुन सिक्नुपरेको थियो। परमेश्वरमा पूरै समर्पित जीवन भनेको के हो भनेर उनी मोडेल त हुनै परेको थियो। उनकी श्रीमती सिप्पोरा सक्रिय स्त्री थिइन्। आफ्नो श्रीमान्‌को ज्यान बचाउन उनले उनको छोराको खतना गरेकी थिइन्। उनले मोशालाई रक्तामय छालाले छोएकी थिइन्। रगतको अर्थ पश्चात्तापको बलि भनेर बुझाउँछ। त्यो जीवन हो र करारलाई सिल वा टाँचा लगाएको भनेर बुझाउँछ। त्यस परिस्थितिलाई नाटकिय ढङ्गमा समाल्न उनले द्रुत रूपमा काम गर्नुपरेको थियो।

यस कथाबाट हामीले अति महत्त्वपूर्ण पाठ सिक्नुपर्छ: हामीले थाहा भएको कुरालाई पालन गर्नु कहिले पनि असफल नहुनू।

"मिद्यानबाट फर्किरहेको बेलामा मोशाले परमेश्वर नाराज हुनुभएको चकित पार्ने र भयानक चेतावनी सुन्नुपरेको थियो। उनलाई धम्कि दिन

स्वर्गदूत देखा परेका थिए। त्यस स्वर्गदूतले उनलाई तुरुन्तै नाश गर्न खोजेका देखिन्थ्यो। त्यसको कारण खुलाएको त छैन; तर परमेश्‍वरको विधानलाई आफूले बेवास्ता गरेको मोशाले याद गरेका थिए। उनको कान्छो छोरोको खतना गर्ने विधिलाई उनले बेवास्ता गरेका थिए। उनको बालक पनि परमेश्‍वरले इस्राएलसँग गर्नुभएको करारका आशिष्‌हरू पाउनको लागि पालन गर्नुपर्ने शर्तलाई उनले बेवास्ता गरेका थिए। इस्राएलीहरूका निम्ति नियुक्त गरिएका अगुवाले परमेश्‍वरका विधानहरूलाई आफैले बेवास्ता गरे भने, इस्राएलीहरूले पालन गर्नुपर्ने विधिका मागहरूलाई उनको नेतृत्वको प्रभावले कमजोर बनाउँथ्यो। आफ्नो श्रीमान्‌लाई मारिने डर भएकोले सिप्पोराले त्यो रिति आफैले सम्पन्न गरेकी थिइन्। अनि मोशाको यात्रालाई निरन्तरता दिन स्वर्गदूतलाई अनुमति दिएका थिए। आफ्नो लक्ष्य फारोका सामु राख्नुपर्दा मोशाले ठूलो जोखिमको सामना गर्नुपर्थ्यो। तर उनको जीवन पवित्र स्वर्गदूतहरूले सुरक्षित राख्ने भएको थियो। तब उनी आफैले पालन गर्नुपर्ने नीतिलाई लापर्बाही गरे, उनको जीवन सुरक्षित हुनेथिएन। उनी परमेश्‍वरका नीति र विधान विपरित गए भने, परमेश्‍वरका स्वर्गदूतहरू उनको निम्ति सुरक्षा कवच हुनेथिएनन्।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २५५, २५६।

**तपाईंको विवेकले मागेको गुणस्तर नीतिलाई तपाईंले बेवास्ता गर्नुभयो भने, तपाईंलाई के हुने रहेछ भनेर यस कथाले तपाईंलाई सिकाउँछ? अहिले नै तपाईंले आफ्नो जीवनलाई नीतिगत बनाउन के परिवर्तन गर्नुपर्छ?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित, *पाट्रियार्क्स एण्ड प्रोफेटसको*, पृ. २५१-२५६को "मोशा" भन्ने अध्याय पढ्नुहोस्।

जलिरहेको झाङ्को नाटकिय दृश्यले मोशाको जीवनलाई अत्यन्तै परिवर्तन गर्ने अनुभव थियो। उनका जीवनका उल्लेखनीय अरू सबै घटनाहरू उनले परमेश्वरका आज्ञाहरूलाई सकारात्मक पालन गरेका कुरामा निर्भर थिए। हिब्रूहरूलाई मिश्रदेशबाट प्रतिज्ञा गरिएको भूमिमा अगुवाइ गर्ने कुराचाहिँ व्यक्तिगत रूपमा उनले परमेश्वरको आज्ञालाई पालन गरेका कुरामा भर परेको थियो।

अहिले हामीलाई थाहा छ कि त्यो कथा कसरी अन्त्य भयो। तर जब झाङ् बलिरहेको थियो, तपाईं आफै मोशाको ठाउँमा उभिनुभएको कल्पना गर्नुहोस्। आफ्नो जीवन बचाउन उनी मिश्रदेशबाट भागेका थिए। ४० वर्षको दौरानमा हिब्रूहरूका नयाँ पुस्ताको उदय भएको थियो, र कतिलाई उनको बारेमा थोरै मात्र थाहा भएको होला वा उनको बारेमा थाहा पाउनेले पनि उनको बारेमा गलत कुरा सुनेका होलान्। ४० वर्षसम्म उनको बारेमा भएका जानकारी बाङ्गिन पुगेको थियो। *त्यही मानिसहरूलाई शक्तिशाली राष्ट्रबाट बाहिर निकाल्ने कामको जिम्मा उनलाई दिएको थियो।* त्यसकारण, त्यो ठूलो जिम्मेवारीबाट पन्छिन उनको निम्ति चाहनु अस्वाभाविक थिएन।

निःसन्देह उनको काम अत्यन्तै भारी थियो। तर उनले सुरुमै परमेश्वरलाई "नाइँ" नै भनेको भए के हुन्थ्यो होला। उनी इतिहासमा बिलाउने थिए होला, र उनको जीवनमा परमेश्वरको शक्तिले काम गर्नेथिएन। तर परमेश्वरमा सुम्पिएको जीवनले गर्दा बाइबलको मात्र होइन विश्वकै इतिहासमा मोशा अत्यन्तै महान् र प्रभावकारी महामानव व्यक्ति भएर उच्च धरहराको रूपमा खडा भइरहेका छन्।

## छलफलको लागि प्रश्नहरू:

१. मरुभूमिमा बिताएका शान्त वर्षहरूमा मोशा परमेश्वरले आह्वान गर्नुभएकैअनुसार जीवन बिताएका थिए: उनले परिवार पालेका थिए, भेडाहरू पालेका थिए र उनले उहाँको निर्देशनमा दुई उल्लेखनीय बाइबलका पुस्तकहरू लेखेका थिए। त्यसपछि उनलाई परमेश्वरका जनहरूका महान् अगुवा नियुक्त गरिएको थियो। हाम्रो जीवनमा गर्नुपर्ने काम र कर्तव्यको बारेमा मोशाको कथाले हामीलाई के बताउँछ?

२. झट्टा हेर्दा मोशाका बहानाहरू ठिकै देखिन्छ होइन त? *मलाई मानिसहरूले किन विश्वास गर्नुपर्छ र? म को हुँ र? म राम्रोसँग बोल्ने सक्दिनँ* (कतिपयले उनी भकभके थिए भनेर अनुमान गरेका छन्)। तर परमेश्वरले आह्वान गर्नुभएको काममा हामी लाग्यौं र उहाँमा भर पर्‍यौं भने उहाँले हामीलाई कसरी दक्षता दिनुहुन्छ भन्ने कुरो त्यस कथाले हामीलाई कसरी बताउँछ?

३. आइतबारको खण्डमा उत्पत्तिको पुस्तक मोशाले लेखेको बारेमा सोच्नुहोस्; र मुक्तिको योजना र पवित्र इतिहासलाई बुझाउन त्यो पुस्तक किन महत्त्व छ भनेर विचार गर्नुहोस्। यस पुस्तकको आधिकारिकताको विरुद्धमा बोलेर विशेष पहिलो ११ अध्यायलाई अस्वीकार गर्ने प्रत्येक धारणाको खिलाफमा हामी किन उभिनुपर्छ?

# परिवर्तित दिमाग

*लेखक:* आन्ड्यु मेकचेस्नी

मिच, कठोर गिरोहको सदस्य थियो। एक दिन ऊ अमेरिकाको वाशिङ्टन राज्यका आदिवासी अमेरिकीहरूसँगको झगडामा फस्यो। उसको टाउकोमा ठूलो चोट लागेको थियो, र डाक्टरहरूले भने कि उसले अब कहिल्यै काम गर्न सक्दैन।

त्यसपछि उसको कान्छा भाइ स्टेफनले उसलाई वाशिङ्टनको वापाटोमा रहेको अल नेशन्स सेन्टर एड्भेन्टिष्ट चर्चमा आउन निम्तो दियो। स्टेफनले आफ्नी आमा र बहिनीसँग चर्चमा हरेक शबाथमा आराधना गर्थ्यो।

तर मिच जान चाहेको थिएन। तैपनि मन नलागी नलागी ऊ शबाथमा चर्च जान थालेको थियो। त्यसपछि ऊ नियमित रूपमा चर्च जान थाल्यो। उसले धेरै चासो लिएर बाइबल पढ्न थाल्यो। उसको टाउको निको हुनेछ भन्ने आशा उसमा पल्हाएको थियो। उसले रोमी १२:२मा लेखेको प्रतिज्ञालाई पक्रेर राखे, जहाँ भनिएको छ, "र यस संसारको अनुरूप नहोओ, तर आफ्नो मनको नवीकरणद्वारा परिवर्तित होओ, ताकि तिमीहरूले परमेश्वरका असल, स्वीकार्य र सिद्ध इच्छा के हो भनेर प्रमाणित गर्न सकोस्।" उसले फिलिप्पी ४:८लाई पनि आत्मसात् गऱ्यो , "अन्तमा, भाइहरू हो, जे कुरा सत्य छन्, जे कुरा महान् छन्, जे कुरा न्यायसङ्गत छन्, जे कुरा शुद्ध छन्, जे कुरा सुन्दर छन्, जे कुरा राम्रो रिपोर्टका छन्, यदि कुनै सद्गुण छ र यदि कुनै प्रशंसनीय कुरा छ भने–यी कुराहरूमा मनन गर।"

चर्चका अगुवा जेफ वेइजोनले उसलाई उत्साह दिँदै प्रोत्साहन गरे, "परमेश्वरको वचनले यो प्रतिज्ञा गर्छ कि यदि तिमीले यसलाई अध्ययन गऱ्यो भने यसले तिम्रो मनलाई परिवर्तन गर्नेछ र तिम्रो चोट पनि निको हुनेछ।"

मिचले बाइबलका प्रतिज्ञाहरू आफ्नो जीवनमा पूरा भइरहेको महसुस गर्न थालेको थियो। उसले फेरि कहिल्यै काम गर्न सक्दैनन् भनेर डाक्टरहरूले उसलाई भनेका थिए। तर उसले जागिर पाएको र काम गर्न पाएकोले ऊ छक्क परेको थियो।

बाइबल अध्ययनपछि, मिचले आफ्नो हृदय येशूलाई दिए र सेभेन्थ-डे एड्भेन्टिष्ट चर्चमा सामेल भए। त्यसपछि ऊ बाइबल सिकाउने कार्यकर्ता भयो र अरूहरूलाई बाइबल सिकाउन थाल्यो। ऊ र उसकी श्रीमतीले बस्नको लागि ठाउँ चाहिने युवाहरूका लागि आफ्नो घर खोली दिए। यदि कोही तिनीहरूका घरका नियमहरूअनुसार चल्यो भने, तिनीहरूका घर जसको लागि पनि खुला थियो। सबै जना शबाथमा चर्च जानुपर्ने नियम तिनीहरूको नियम थियो।

उनीहरूका घरका पाहुनाहरूका जीवन पनि परिवर्तन हुन थालेको थियो।

एक जना युवाले खुशीसाथ एउटा शबाथमा चर्चका अगुवा जेफलाई सुनाए, "तपाईंलाई थाहा छ कि जब तपाईंले हामीलाई बाइबलको बारेमा सुनाउनुहुन्थ्यो तब हामी त्यो सुन्न चाहेका थिएनौं। तर अब हामी बाइबल अध्ययन गर्न चाहन्छौं।"

जेफले मिचको जीवनमा क्रान्तिकारी परिवर्तन भएको बताए।

"जब मिचले आफ्नो जीवनमा परमेश्वरलाई ग्रहण गऱ्यो, तब मानिसहरूले उसलाई अब चिन्न पनि सकेनन्," उनले भने। "मिच धेरै कठोर र दिमाग बिग्रिएको व्यक्ति थियो तब अहिले ऊ परमेश्वरको सेवा गर्ने सक्षम व्यक्ति हुन पुग्यो। उसले गर्दा धेरै युवाहरू प्रभुतिर आकर्षित भइरहेका छन्। हामी जतिसुकै कमजोर भए तापनि परमेश्वर हामी मार्फत काम गर्नुहुन्छ।"



*वापाटो र वाशिङ्टनमा रहेका वरपरका क्षेत्रहरूका आदिवासी अमेरिकीहरूलाई आउटरिच कार्यक्रमको सुरुचाहिँ सन् १०९०मा उठाइएको त्रैमासिक भेटीको सहयोगबाट भएको थियो।*